# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७९।०८०।०५ 	२०७९ मंसिर


| Statement of patients flow for the month of Kartik 2079 | |
|---|---|
| **OPD** | **No. of patients** |
| General Practice & Emergency Medicine | **2449** |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 2272 |
| Internal Medicine | 5235 |
| Obstetrics & Gynaecology | 4608 |
| General Surgery | 3921 |
| Cardiology | 1294 |
| Gastroenterology & Hepatology | 705 |
| Pulmonary, Critical Care & Sleep Medicine | 702 |
| Dental | 6620 |
| Dermatology & Venerology | 3413 |
| Otorhinolaryngology and Head & Neck Surgery | 2616 |
| Ophthalmology | 1275 |
| Orthopedics | 4280 |
| Psychiatry | 1406 |
| CTVS | 16 |
| Unspecified in MIDAS | 1193 |
| **Total** | **39556** |
| **Emergency** | |
| Central | 3505 |
| Obstetrics & Gynecology | 1297 |
| Pediatrics | 1399 |
| **Grand Total: 48206** | |
| Paying (EHS) | 2516 |
| Nepal Govt. Social Insurance Scheme | 18712 |
| Other different Schemes | 26978 |
| Ward (IPD) | 3939 |
| ICU/CCU/DICU/SICU | 139 |
| NICU/PICU/MICU/Nursery | 145 |
| Dialysis | 1066 |
| ***Source: Medical Record Section & Nursing Service*** | |

## प्रतिष्ठानको डेपुटी अस्पताल निर्देशकमा डा.जयसवाल र डा.लिम्बू नियुक्त



प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीले रिक्त रहेको डेपुटी अस्पताल निर्देशक पदमा सि.टी.भि.एस. विभागका एसोसियट प्रोफेसर डा. लोकेश शेखर जयसवाल तथा प्रोस्थोडोन्टिक्स विभागका एसिस्टेन्ट प्रोफेसर डा. इन्द्र लिम्बूलाई मिति २०७९।६।१६ गते देखि अर्को व्यवस्था नहुन्जेलसम्मका लागि नियुक्त गर्नुभएको छ । वहाँहरु दुवैजनाले मिति २०७९।०२।१८ देखि सहायक अस्पताल निर्देशक पदको जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो।

## प्रतिष्ठानको Health Profession Education Core Group (HPECG) गठन

प्रतिष्ठानको शैक्षिक गतिविधि अन्तर्गत कार्यरत शिक्षक, चिकित्सकहरुको शिक्षण कार्यमा टेवा पुऱ्याउने उद्देश्यले संचालन हुने Teachers Training जस्ता कार्यक्रमहरुको व्यवस्थापनका लागि नयाँ पाँच सदस्यीय समिति Health Profession Education Core Group (HPECG) को गठन भएको छ। डा. अञ्जु प्रधान संयोजक रहनुभएको उक्त समितिमा प्रा.डा. तारा शाह, डा. आशिष श्रेष्ठ (बी), डा. विजय खनाल तथा डा. सुस्मिता श्रेष्ठ सदस्यहरु रहनु भएको छ । समितिको कार्यकाल नोभेम्बर ९, २०२२ देखि दुई वर्षको रहने छ ।

## प्रतिष्ठानमा World Diabetic Day मनाइयो



प्रतिष्ठानमा नोभेम्बर १४, २०२२ का दिन प्रतिष्ठानको जेनेरल प्राक्टिस एण्ड ईमर्जेन्सी विभाग तथा इन्टर्नल मेडिसिन विभागको संयुक्त तत्वावधानमा विभिन्न कार्यक्रमको आयोजना गरी विश्व मधुमेह दिवस (World Diabetic Day)

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउदा Kantipur Font मा पठाई दिनुहन पनि अनुरोध गर्दछौं ।

- सुचना तथा सञ्चार केन्द्र

मनाइयो । विश्वभरीका स्वास्थ्य संस्थाहरुले हरेक वर्ष मनाउने उक्त दिवसको सन् २०२१ देखि २०२३ सम्मको मूल नारा "Diabetic Education" रहेको छ ।

कार्यक्रमको प्रारम्भमा ¥यालीको आयोजना गरिएको थियो । प्रतिष्ठानको जी.ओ.पी.डी. प्राङ्गण देखि शुरु भई धरान रंगशाला पुगेर पुनः प्रतिष्ठान हाता भित्र अवस्थित महामानव वी.पी. कोइरालाको सालिकमा आएर टुङ्गिएको उक्त ¥यालीमा प्रतिष्ठानका विभागिय प्रमुख, शिक्षक, चिकित्सक, कर्मचारी र विद्यार्थीहरु लगायत स्थानीयहरुसहित २५० भन्दा बढीको सहभागिता रहेको थियो । ¥यालीका क्रममा मधुमेह (Diabetes) सम्बन्धी जनचेतना फैलाउने संन्देश तथा सूचना लेखिएका प्लेकार्डहरु प्रदर्शन गरिएको थियो भने त्यस्तै संन्देश तथा सूचना छापिएका पर्चाहरु पनि वितरण गरिएको थियो ।




तत्पश्चात मन्तव्य कार्यक्रममा विद्यार्थी कल्याण समाज, जुनियर रेसिडेन्ट कल्याण समाजका प्रतिनिधिहरुले मधुमेह बारे धारणा व्यक्त गर्नुभएको थियो भने प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागका प्रमुख तथा एडिसनल प्रोफेसर डा. रबिन मास्के तथा जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विभागका एसोसिएट प्रोफेसर डा. अजय कुमार यादवले मधुमेहको रोकथामका उपायहरु तथा उपाचार पद्धतीका बारेमा विशेष प्रकाश पार्नु भएको थियो । मधुमेहका विरामीहरुका लागि चार प्रकारको सेतो विष (White Poison) भनेर चिनिने भात, चिनी, मैदा र नुन जस्ता चिजबाट कसरी टाढा रहने भन्ने बारे पनि वहाँहरुले बताउनु भयो । डा. रबिन मास्केले भारत स्थित दिल्लीको सर गंगाराम अस्पतालबाट Endocrinology मा Fellowship गर्नुभएको छ भने डा. यादवले सी. एम. सि. भेल्लोरबाट Diabetes मा Fellowship गर्नुभएको छ ।

अन्त्यमा, इन्टर्नल मेडिसिन विभागका एसिस्टेन्ट प्रोफेसर डा.भूपेन्द्र शाहले सहभागी सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## प्रतिष्ठानमा पहिलो पटक छात्राबास व्यवस्थापन समिति गठन

प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुको छात्राबास व्यवस्थापनलाई अझ बढी सुदृढ गर्न फर्माकोलोजी विभागका एसोसिएट प्रोफेसर डा. दिपेन्द्र प्रसाद सर्राफको अध्यक्षतामा एघार सदस्यीय छात्राबास व्यवस्थापन समितिको गठन भएको छ । उक्त समितिका अन्य सदस्यहरुमा डा.इन्द्र कुमार लिम्बू (छात्रबास वार्डेन), डा. विजय श्रीवास्तव (छात्रबास वार्डेन) श्री निर्मला प्रधान (छात्राबास वार्डेन), श्री नेत्र बहादुर खड्का (प्रमुख, इलेक्ट्रीकल इन्जिनियरिङ्ग शाखा), श्री विष्णु प्रसाद चापागाँई (प्रमुख, शैक्षिक प्रशासन महाशाखा), श्री कमल कुमार रायमाझी (प्रमुख, सामान्य प्रशासन शाखा), श्री मदन शाह (प्रमुख, सिभिल इन्जिनियरिङ्ग शाखा), श्री कमला लिम्बू (प्रमुख, स्टोर शाखा), श्री ओम शान्ति रजक (अध्यक्ष, विद्यार्थी कल्याण समाज), श्री सलमान हैदर हुसैन (सचिव, विद्यार्थी कल्याण समाज) रहनु भएको छ । समितिको कार्यकाल मिति २०७९।४।२४ गते देखि दुई वर्षको रहनेछ । उक्त समितिले छात्राबास निर्देशिका,२०७० तथा स्नातकोत्तर छात्रावास निर्देशिका,२०७२ मा निहित रही काम कर्तव्य र अधिकार कार्यान्वयन गर्ने गराउनुका साथै आवश्यक भएको खण्डमा अन्य शिक्षक, चिकित्सक तथा कर्मचारीहरुलाई आमन्त्रित गर्न सक्नेछ । प्रतिष्ठानमा छात्राबास व्यवस्थापनका लागि समिति गठन गरिएको यो पहिलो पटक हो । डा.सर्राफलाई स्नातकोत्तर छात्रबासको जिम्मेवारी पनि दिइएको छ ।

## प्रतिष्ठानमा पहिलो पटक शिक्षक कल्याण समाजको निर्वाचन सम्पन्न

प्रतिष्ठानको शिक्षक कल्याण समाजको कार्य समितिको निर्वाचन २०७९ कार्त्तिक १७ गतेका दिन सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएको थियो । प्रतिष्ठानको ३० वर्षे इतिहासमा पहिलो पटक सम्पन्न उक्त निर्वाचन प्रतिष्ठानको संचालक परिषद ३२औं सभाको निर्णय एवं कार्यकारिणी समितिबाट पारित विधान अनुरुप भएको थियो । उक्त निर्वाचन सम्पन्न गराउन प्रा.डा. विष्णुहरि पौडेलको अध्यक्षतामा गठित सात सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । समाजका अध्यक्ष र सचिव गरी दुई पदका लागि



मात्र निर्वाचन भएको थियो भने बाँकी अन्य पदहरुमा निर्विरोध निर्वाचित हुनुभएको थियो । कुल खसेको मत ६८.३% (२०३ मत) मध्ये १०१ मत ल्याएर डा.सेराज अहमद खान अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो भने वहाँका प्रत्यासी श्री धरणीधर बरालले ९९ मत प्राप्त गर्नु भएको थियो । त्यसैगरी ११९ मत ल्याएर डा.कादिर आलम सचिव पदमा विजयी हुनु भएको थियो । वहाँका प्रत्यासी श्री अवनिन्द्र चक्रवर्तीले ७३ मत प्राप्त गर्नु भएको थियो । निर्विरोध निर्वाचित पदाधिकारी तथा सदस्यहरुमा वरिष्ठ उपाध्यक्षः डा.प्रकाश कुमार पराजुली/उपाध्याक्ष (मेडिकल):डा. दिपक कुमार

यादव/उपाध्याक्ष (डेन्टल): डा.प्रदिप आचार्य/उपाध्याक्ष(नर्सिङ्ग): बसन्त कुमार कर्ण/उपाध्याक्ष (नन् मेडिकल): डा.अमरेन्द्र झा/महासचिवः डा.संयोग उप्रेती/कोषाध्यक्षः डा.रामायण प्रसाद कुशवाहा/सदस्य (मेडिकल): डा.सुदिप मिश्र, डा.मोना दाहाल, डा.अमित बिक्रम शाह, डा.दीपेन्द्र प्रसाद सर्राफ, डा.पारस राज अमात्य, डा.प्रतिमा कुमारी साह/सदस्य (डेन्टल): डा.मन्नु बिक्रम, डा.अन्जनी कुमार यादव, डा.पुजन आचार्य/सदस्य (नर्सिङ्ग): प्रा.गयानन्द मण्डल, रम्भा सिग्देल/सदस्य (नन् मेडिकल): डा.केशव राई, विरेन्द्र कुमार यादव रहनु भएको छ ।



२०७९ कार्त्तिक २५ गते प्रतिष्ठानको अडिटोरियममा निर्वाचित पदाधिकारी तथा सदस्यहरुको शपथग्रहण तथा पदस्थापना भएको थियो । उक्त कार्यक्रममा प्रतिष्ठानका उपकुलपति, रजिष्ट्रार, निर्वाचन समितिका अध्यक्ष तथा सदस्यहरु, शिक्षक, कर्मचारी र विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा निर्वाचन समितिका सदस्य डा. शमशेर श्रेष्ठले स्वागत मन्तव्य दिनु भएको थियो भने निर्वाचन समिति अध्यक्ष प्रा.डा. पौडेलले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । तत्पश्चात निर्वाचित अध्यक्ष डा. खानलाई उपकुलपति डा. ज्ञानेन्द्र गिरीले सपथ ग्रहण गराउनु भएको थियो भने निर्वाचित अन्य पदाधिकारी तथा सदस्यहरुलाई अध्यक्ष डा. खानले सपथ ग्रहण तथा पदस्थापना गराउनु भएको थियो ।



शपथ ग्रहण कार्यक्रम पश्चात शुभकामना मन्तव्यको क्रममा प्रतिष्ठानका उपकुलपति, रजिष्ट्रार तथा निर्वाचन समिति अध्यक्षले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बधाई एवं शुभकामना व्यक्त गर्दै प्रतिष्ठानको दिगो विकास र विस्तारमा शिक्षक कल्याण समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

## प्रतिष्ठानमा Organization and Management (O & M) Study सम्बन्धी सम्झौता



प्रतिष्ठानको संगठन तथा व्यवस्थापन अध्ययन कार्यका लागि प्रतिष्ठान र एन.के.एस.सि.ओ. कन्सल्टिङ्ग ग्रुप प्रा.लि., काठमाडौं बीच २०७९ कार्त्तिक २२ गते सम्झौता भएको छ । उक्त सम्झौतामा प्रतिष्ठानको तर्फबाट रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौला र एन.के.एस.सि.ओ. कन्सल्टिङ्ग ग्रुप प्रा.लि. का तर्फबाट कार्यकारी अध्यक्ष कृष्णहरि बास्कोटाले हस्ताक्षर गर्नुभएको छ । उक्त अध्ययन टोलीले अध्ययन कार्य सम्पन्न गरी २०७९ मंसिर मसान्त भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

गत २०७९ कार्त्तिक १५ गते प्रतिष्ठानको निमन्त्रणामा आउनु भएका नेपाल सरकारका पूर्व सचिव श्री कृष्णहरि बास्कोटाले प्रतिष्ठानको अडिटोरियममा व्यवस्थापकीय सीप तथा नेतृत्व बिकास सम्बन्धी Guest Lecture दिनुभएको थियो । आफ्नो व्याख्यानको क्रममा वहाँले संस्थाको सर्वोपरी हितलाई बल पुऱ्याउन आवश्यक पर्ने व्यवस्थापकीय प्रणालीहरुबारे प्रकाश पार्नु भएको थियो।

यसै सिलसिलामा Organization and Management Study को अवधारणा प्रस्तुत गर्नु भएको थियो जस अनुरुप प्रतिष्ठानको सम्पूर्ण स्कूल, कलेज, विभाग, महाशाखा, शाखा, यूनिटहरुको अध्ययन गर्ने कार्य पनि सम्पन्न भइसकेको छ ।

## प्रतिष्ठानमा Symposium cum Talk Show को आयोजना हुंदै

परिक्रमा विद्यार्थी परिवार तथा विद्यार्थी कल्याण समाजको संयुक्त तत्वावधानमा प्रतिष्ठानमा Symposium cum Talk Show हुन गइरहेको छ । विगतमा हरेक वर्ष हुने गरेको उक्त कार्यक्रम कोभिड माहामारीका कारणले यो पटक तीन वर्ष पछि हुंदैछ । डा. अञ्जु प्रधानको संयोजकत्वमा आगामी डिसेम्बर २ र ३, २०२२ मा हुने उक्त कार्यक्रमको विषयवस्तु "Exploring New Frontiers of Collaboration: Medicine and Humanities" रहेको छ भने विभिन्न शिर्षकहरुमा संभाषण तथा सामूहिक छलफल (Panel Discussion) हुनेछ । कार्यक्रममा प्रा.डा. सुधा शर्मा, प्रा.डा. राजेन्द्र कोजु, प्रा.डा. भगवान कोइराला, नवराज लम्साल, भवानी राणा, मान्सी अग्रवाल लगायतका नेपालका विभिन्न क्षेत्रका विशिष्ट, लब्ध प्रतिष्ठित तथा बौद्धिक व्यक्तित्वहरुलाई निम्त्याउने योजना रहेको छ । मेडिसिन, कला, साहित्य, दर्शन तथा दिगो उद्यमशिलता जस्ता विषयहरुमा निम्त्याइएका विद्धान वर्गहरुबाट

प्रेरणादायी तथा विद्धत संभाषण प्रस्तुत हुनेछ ।

## प्रतिष्ठानको अस्पताल सेवामा विस्तार


प्रतिष्ठानको अस्पतालबाट प्रवाह हुने उपचार सेवाहरु सेवाग्राही र सर्वसाधारणलाई सहजरुपमा उपलब्ध होस् भन्ने हेतुले समय सापेक्ष विस्तार गरिएको छ । प्रतिष्ठानको रेडियोलोजी विभागबाट उपलब्ध हुने एक्सरे सेवाको समयवधी थप गरी दर्ता गर्ने समय विहान ७ बजे देखि बेलुकी ४ बजेसम्म गरिएको छ भने एक्सरे गर्ने समय ७ बजे देखि ५ बजे सम्म निरन्तररुपमा रहने गरी व्यवस्था मिलाइएको छ । अस्पतालमा भर्ना भएका विरामीहरुका लागि उक्त सेवा वार्डमा हुने राउण्ड भन्दा अगावै प्राथामिकताका आधारमा विहान ७ बजेदेखि ९ बजेसम्म रिपोर्ट हुनेगरि व्यवस्था मिलाइएको छ । त्यसैगरी हाल मौजुदा आई.सि.यु क्षमतामा विस्तार गरी ६ वेड, ट्रपिकल वार्डमा १० वेड तथा इमर्जेन्सीमा आउने विरामीहरुको चापलाई मध्यनजर गरी 'इ' एरियामा रहेको ८ वेड पुन: संचालनमा ल्याइएको छ ।

## प्रतिष्ठानमा World Stroke Day - 2022 मनाइयो

विश्वभरी हरेक वर्ष अक्टोबर २९ का दिन मनाउने गरिएको विश्व पक्षघात दिवस (World Stoke Day) प्रतिष्ठानमा विभिन्न कार्यक्रम गर्दै यस वर्षको "#Save Precious Time" भन्ने नाराका साथ व्यताका साथ मनाइयो । प्रतिष्ठानको Stroke Team को तत्वावधानमा आयोजित World Stroke Day - 2022 अक्टोबर २९ का दिन Walkathon र नोभेम्बर २ का दिन CME जस्ता कार्यक्रमहरु गर्दै मनाइएको थियो ।

प्रतिष्ठानका शिक्षक, चिकित्सक, नर्सिङ्ग स्टाफ तथा विद्यार्थीहरु गरी दुई सय भन्दा बढिको सहभागिता रहेको Walkathon प्रतिष्ठानको जी.ओ.पी.डी. प्राङ्गणबाट शुरु भई धरानको भानुचौक पुगी समापन भएको थियो भने सो क्रममा सर्वसाधारणको जानकारीका लागि पक्षघात सम्बन्धी सचेतनामूलक पर्चा समेत वितरण गरिएको थियो । त्यसैगरी, अर्को दिन प्रतिष्ठानको अडिटोरियममा पक्षघात सम्बन्धी CME को आयोजना गरिएको थियो । उक्त अवसरमा दुई हजारको हाराहारीमा न्यूरोसर्जरी सम्पन्न गरिसकेका प्रतिष्ठानका न्यूरोसर्जन डा. आलोक दाहाललाई Stroke Hero को उपाधीले सम्मान गरिएको थियो । शिक्षक, विद्यार्थी तथा कर्मचारी सहित गरी चार सय भन्दा बढिको सहभागिता रहेको उक्त कार्यक्रमको समापन गर्ने क्रममा प्रतिष्ठानका स्ट्रोक टिमका प्रमुख डा. भुपेन्द्र शाहले Stroke Team को गठन पश्चात प्रतिष्ठानमा पक्षघात सम्बन्धी विश्वस्तरिय उपचार सुलभ ढंगले उपलब्ध हुँदै आएकोले कसैमा अचानक मुख बाङ्गिने, हात खुट्टा लुलो हुने, बोली लरबराउने जस्ता FAST लक्षणहरु देखा परेमा तुरुन्त अस्पताल आउन अपिल गर्नुभयो ।

## प्रतिष्ठानमा Hospital Disaster Preparedness and Response Plan (HDPRP) सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न




मिति २०७९ कार्तिक १८ र १९ गते नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा Hospital Disaster Preparedness and Response Plan तर्जुमाका लागि स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन ईकाई एवम् प्रतिष्ठानको संयुक्त तत्वावधानमा प्रतिष्ठानमा एक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । प्रतिष्ठानका अस्पताल निर्देशक डा. जगत नारायण प्रसादको अध्यक्षतामा संचालित उक्त गोष्ठीमा Hospital Disaster Focal Person प्रतिष्ठानका प्रा.डा. ज्ञानेन्द्र बहादुर मल्ल र Hospital Disaster Hub Coordinator डा. अजय कुमार यादव, मेडिसिन विभाग, सर्जरी विभाग, अर्थोपेडिक्स विभाग, एनेस्थेसियोलोजी विभाग, म्याक्सिलोफेसियल सर्जरी विभाग का चिकित्सक तथा इमर्जेन्सी नर्सिङ्ग इन्चार्ज लगायत प्रशासनिक कर्मचारीहरुको सहभागिता रहेको थियो।



उक्त गोष्ठीबाट Hospital Disaster Preparedness and Response Plan का लागि Disaster Management Committee, Disaster Committee (Mitigation, Preparedness and Recovery), Hospital Incident Command System गरी तीन वटा कमिटी र Hospital Incident Command System Sub-group गठन हुनका लागि मन्त्रालयमा सिफारिस गरी पठाइएको छ । उक्त गोष्ठीमा मन्त्रालयका डा. अशिष श्रेष्ठको नेतृत्वमा चारजनाको टोलीको समेत सहभागिता रहेको थियो । गोष्ठी पश्चात मन्त्रालयको स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाईले कार्यक्रममा उपस्थित प्रतिष्ठानका शिक्षक, चिकित्सक, कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई HDPRP सम्बन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरेको थियो । यसभन्दा अघि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाईद्धारा मिति २०७९ जेठ २९ र ३० गते आयोजित National Conference on Hub and Satellite Hospital Network, 2022 सम्बन्धी गोष्ठीमा

HDPRP तर्जुमा गर्न देशभरीका २५ अस्पतालहरुबाट प्रतिनिधीहरु सहभागी भएका थिए । प्रदेश नं. १ का लागि वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मेची अस्पताल र कोशी अस्पताललाई Hub Hospital को रुपमा तोकिएको थियो । उक्त गोष्ठीबाट अस्पतालको विपद पुर्व तैयारी र प्रतिकार्यको योजनालाई नियमित अध्यावधिक गर्ने, औषधी, औजार, उपकरण, जनशक्तिको नियमित रुपमा अध्यावधिक गर्ने र कम्तीमा वर्षको ३ पटक समन्वय बैठक संचालन गर्ने लगायत ११ बुंदे घोषणा पत्र जारी गरिएको थियो ।

## KHDC, Nepal Dissemination Program सम्पन्न



KHDC, Nepal ले झापाको मेचीनगर नगरपालिकाको धुलाबारीमा नोभेम्बर २३, २०२२ मा KHDC, Nepal Dissemination Program सम्पन्न गरेको छ । प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरी प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा KHDC, Nepal का संस्थापक प्रा.डा. संजिव कुमार शर्मा, नेपाल सरकार, स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. फणिन्द्र बराल, मेची नगरपालिका प्रमुख गोपाल बुढाथोकी, जेनेभा विश्वविद्यालयका Prof. Fancois Chappuis लगायत स्थानीय निकायहरुका प्रमुख एवं विभिन्न स्वास्थ्य संस्थाका प्रमुख / प्रतिनिधिहरुको अतिथिको रुपमा सहभागिता रहेको थियो । कार्यक्रममा मेची नगरपालिकाको विशेष सहयोग रहेको थियो । कार्यक्रममा प्रा.डा. शर्माले स्वागत मन्तव्य र KHDC, Nepal को गतिविधि सम्बन्धमा जानकारी गराउनु भयो । इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. बरालले महाशाखाको गतिविधि तथा योजना बारे जानकारी गराउनु भयो भने प्रतिष्ठानका उपकुलपतिले प्रतिष्ठान तथा KHDC का बारेमा प्रकाश पार्नुभयो । त्यसैगरी जेनेभा विश्वविद्यालयका Prof. Chappuis ले वहांको विश्वविद्यालय र प्रतिष्ठानको KHDC कार्यक्रम बीचको सम्बन्ध बारेमा प्रकाश पार्नु भएको थियो । अन्त्यमा KHDC को Research Officer डा.सृष्टा मानन्धरले धन्यवाद मन्तव्य दिनु भएको थियो ।

दीर्घकालीन मृगौला रोग, उच्च रक्तचाप, मधुमेह र हृदयाघातको प्रारम्भिक पहिचान, रोकथाम र व्यवस्थापनका लागि सन् २००३ देखि प्रतिष्ठानको मेडिसिन विभागका प्रा. डा. शर्माको नेतृत्वमा KHDC सामुदायिक आउटरिच कार्यक्रम संचालनमा रहेको छ ।

यस प्रतिष्ठानमा हालसम्म पूर्वी नेपालको धरान लगायत सुनसरी, मोरङ र झापा जिल्लाहरूमा १३०,००० भन्दा बढी व्यक्तिहरूमा पुगेको छ, जसले स्क्रीनिंगमा सकारात्मक परीक्षण भएकाहरूलाई परामर्श, उपचार र फलोअप प्रदान गरेको छ । हाल मेचीनगर नगरपालिका, दमक नगरपालिका र दमक रेडक्रस सोसाइटीको सहकार्यमा मेचीनगर नगरपालिका लगायत झापा जिल्लाका विभिन्न वडामा यो कार्यक्रम सञ्चालन भईरहेको र ती क्षेत्रमा जम्मा १३००० भन्दा बढी जनसंख्याको परिक्षण तथा अनुगमन गरिएको छ । यस कार्यक्रम मार्फत समुदायको सामान्य जनसंख्यामा लुकेका नसर्ने रोगहरु (Non Communicalbe Diseases) को जाँच गर्ने उद्देश्यले धेरैभन्दा धेरै मानिसहरूमा पुग्ने प्रयास गरिएको छ । यस कार्यक्रमबाट रोगलाई यसको गम्भीर रूपमा विकास हुनु अघिनै नियन्त्रण गर्न सक्षम भएको छ । यस माध्यमबाट, रोगहरूद्वारा लगाइएका सबै बोझहरू पहिले नै नियन्त्रण गरिन्छ । यो कार्यक्रम स्थापनाकालदेखि नै सक्रिय रूपमा संलग्न प्रा.डा.शर्मा सँगको परामर्शबाट आम जनतालाई लाभान्वित हुने माध्यम बनेको छ । विश्वव्यापी कोभिड-१९ महामारीको विषम परिस्थितिमा पनि KHDC ले समुदायमा गई नसर्ने रोगहरुको उपचार र रोकथामको लागि अभियान संचालन गरेको थियो ।

## स्टाफ नर्स पदको लिखित परीक्षाको नतिजा प्रकाशन

प्रतिष्ठानको विभिन्न वार्डहरुको लागि आवश्यक ९९ जना स्टाफ नर्स पद करार सेवा अन्तर्गत पूर्ति गर्न मिति २०७९ श्रावण २९ गते नागरिक राष्ट्रिय दैनिकमा पत्रिका प्रकाशित सूचना बमोजिम सो पदका लागि रितपूर्वक आवेदन गरेकाहरुको मिति २०७९ कार्तिक १९ गते सम्पन्न लिखित परीक्षाको नतिजा मिति २०७९ मंसिर ६ गते प्रकाशन भएको छ । १३७० जनाको सहभागिता रहेको उक्त परीक्षामा ५४९ जना परीक्षामा सफल भएका थिए । लिखित परीक्षाबाट अन्तर्वाताका लागि छनौट भएकाहरुको अन्तर्वार्ता मिति २०७९ मंसिर २२ गतेदेखि संचालन हुने भएको छ ।

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS**
**(Month of Kartik, 2079)**

- Total admission : 1
- Total Discharge : 1
- Total PCR Test : 39
- Total Positive : 6
- Total Follow Up Positive : 6
- Death : 0

**Source: Covid Hospital & Dept. of Microbiology**

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology & Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonary, Critical Care and Sleep Medicine | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| General Surgery | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| Dertamatology & Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

*Source : Concerned Departments*

**Status of Operations done in Kartik, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 302 | 302 | 39 | 21 | 85 | 35 | **784** |
| Obst. & Gynae | 378 | 26 | 2 | 0 | 67 | 2 | **475** |
| Emergency | 92 | 0 | 34 | 0 | 9 | 0 | **135** |
| Day Care | 0 | 0 | 13 | 28 | 34 | 63 | **138** |
| Derma * | 65 | 11 | 371 | 60 | 138 | 27 | **672** |
| **Total** | **837** | **339** | **459** | **109** | **333** | **127** | **2204** |

**General OT : 1629** — ***Number of safe abortion care service done in Kartik, 2079: 42***

**Paying OT: 575** — ***Number of cases done in Cardiac Catheterization Laboratory: 146***

**** Asthetic procedures included in minor 95***

***Source: Office of the Metron***

## सम्पादन समूह


प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृतप्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu